बुढानीलकण्ठ नगरपालिका

नगरकार्यपालिकाको कार्यालयद्वारा  प्रकाशित

# स्थानीय राजपत्र

**खण्ड :- ६** **सङ्ख्या :-२** **मिति :- २०८०।०५।१२**

## भाग-२

## अल्ट्रासाउण्ड मेसिन सञ्चालन र व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना:**

बुढानीलकण्ठ नगरपालिकाअन्तर्गत स्थायी / अस्थायी रूपमा बसोबास गर्ने गर्भवती तथा सुत्केरी महिलाहरूको स्वास्थ्य परीक्षणका साथ आमा तथा बच्चाको समयमै  स्वास्थ्य जाँच गर्दा रोगको पहिचान हुने जसबाट मातृ तथा नवजात शिशुको मृत्युदरलाई न्युनीकरण गर्न मद्दत पुग्नुको साथै ३० बर्षदेखि माथिका सम्पूर्ण उमेर समूहका व्यक्तिहरूको समेत स्वास्थ्य परीक्षण गरी समयमै रोगको पहिचान गर्न तथा सर्ने तथा नसर्ने रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कार्य गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ख) बमोजिम बुढानीलकण्ठ नगरपालिकाको स्वास्थ्यसम्बन्धी काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बुढानीलकण्ठ नगरपालिका नगरकार्यपालिकाको मिति २०७९।१२।१० को बैठकले यस **अल्ट्रासाउण्ड मेसिन सञ्चालन तथा व्यवस्थापन कार्यविधि** स्वीकृत गरेको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम: अल्ट्रासाउण्ड मेसिन सञ्चालन र व्यवस्थापन सञ्चालन कार्यविधि, २०८० रहेको छ।

ख. यो कार्यविधि बुढानीलकण्ठ नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

ग. यो कार्यविधि बुढानीलकण्ठ नगरपालिकाभित्र स्थायी/अस्थायी रूपमा बसोबास गर्ने गर्भवती तथा सुत्केरी महिलाहरूको स्वास्थ्य परिक्षण कार्यमा लागू हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क. **सञ्चालन** भन्नाले यस बुढानीलकण्ठ नगरपालिका अन्तर्गत रहेको बुढानीलकण्ठ स्वास्थ्य चौकीमा गर्भवती, सुत्केरी महिलाहरूको साथै ३० वर्ष माथिका उमेर समूहका व्यक्तिहरूको समेत स्वास्थ्य परीक्षणको लागि अल्ट्रासाउण्ड मेसिन सञ्चालन गर्ने भन्ने जनाउँदछ।

ख. **व्यवस्थापन** भन्नाले सञ्चालनको लागि स्थान व्यवस्थापन, मेसिनको व्यवस्थापन,उक्त मेसिनलाई सञ्चालन गर्ने दक्ष जनशक्ति व्यवस्थापन भन्ने सम्झनुपर्छ।

ग. **नगरपालिका** भन्नाले बुढानीलकण्ठ नगरपालिकालाई बुझ्नुपर्छ।

घ. **USG** भन्नाले **Ultrasound Sonography Test** लाई जनाउँदछ।

**३. लक्ष्य:**

क. नगरपालिकाद्वारा उपलब्ध गराउने स्वास्थ्य सेवाहरूलाई विस्तार गर्ने।

ख. गर्भवती तथा सुत्केरी महिलाहरूका साथै ३० वर्षमाथिका उमेर समूहका व्यक्तिहरूको स्वास्थ्य परीक्षण गरी तिनिहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिने र सम्भावित अवाञ्छनीय घटनालाई न्यूनिकरण गर्ने।

**४. उद्देश्य :**

**तपसिलबमोजिमका परीक्षणहरू गर्ने , गराउने र गराउन सहयोग गर्ने।**

क. नगरपालिकाअन्तर्गत रहेको २ वटा बर्थिङ सेन्टरहरूमा गर्भ परीक्षण र सुत्केरी हुन आउने महिलाहरूको साथै ३० वर्ष माथिका व्यक्तिहरूलाई सम्बन्धीत विषयविज्ञद्वारा स्वास्थ्य परीक्षण गराउने।

ख. स्वास्थ्य संस्थाद्वारा उपलब्ध गराउने सेवालाई विस्तार गर्ने।

**५. मेसिन सञ्चालनसम्बन्धी संस्थागत संरचना:**

मेसिन सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिकाको जनस्वास्थ्य महाशाखाले कोष सञ्चालन समितिको काम गर्नेछ । तर कोषको बजेट विनियोजन र परिचालनसम्बन्धी निर्णयमा नगर प्रमुखज्यूको उपस्थितिलाई अनिवार्य गरिने छ।

**६. कोषको काम, कर्तव्य र अधिकार:**

स्वास्थ्य व्यवस्थापन कार्यविधिमा उल्लेख भएका कामका अतिरिक्त कोष सञ्चालनमा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क. मेसिन सञ्चालनका लागि वार्षिक योजना तथा कार्यक्रम तयार गरी स्वीकृतका लागि नगरपालिकामा पेश गर्ने।

ख. कोष वृद्धिका लागि विभिन्न क्षेत्रबाट सहयोग प्राप्त गर्ने।

ग. कोषको उद्देश्यअनुसारका कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक निर्णय लिई कार्यान्वयनका लागि नगर कार्यपालिकामा पेश गर्ने।

घ. आवश्यकतानुसार विशेषज्ञहरूबाट सल्लाह तथा सुझाव प्राप्त गर्ने।

ङ. समितिको अध्यक्षको निर्देशनमा आवश्यकताअनुसार बैठकको आयोजना गर्ने।

**७. जाँच गर्ने समय :**

क) स्वास्थ्य चौकीमा प्रत्येक हप्ताको बुधवार विहान १० बजे देखि २ बजे सम्म चिकित्सक तथा स्वास्थ्यकर्मीद्वारा सिफारीस गरिएका गर्भवती महिलाहरूलाई USG जाँच गरिने छ।

ख) अन्य रोगको निदानका लागि प्रत्येक हप्ताको आईतवार विहान १० बजे देखि २ बजे सम्म चिकित्सकको सिफारिसमा सर्वसाधारण, जनप्रतिनिधि, नगरपालिकाअन्तर्गत रहेका सम्पूर्ण कर्मचारीहरूरुको USG जाँच गरिने छ।

ग) USG मेसिन सञ्चालनका लागि Radiologist सँग सम्झौता गरी वार्षिक रूपमा विषय विज्ञलाई पारिश्रमिकको व्यवस्था गरिने छ।

**८. जाँच गर्ने आधार तथा प्रावधान :**

क) नगरपालिकाअन्तर्गत रहेका स्वास्थ्य चौकीद्वारा गर्भ जाँच गरी आवश्यकता अनुसार चिकित्सक तथा स्वास्थ्यकर्मीद्वारा सिफारीस गरिएका गर्भवती महिलालाई नि:शुल्क जाँच गरिने छ।

ख) चिकित्सक तथा स्वास्थ्यकर्मीद्वारा विभिन्न रोगहरूको निदान गर्ने क्रममा सिफारिस भइआएका बुढानीलकण्ठ नगरपालिकाअन्तर्गत रहेका शाखा, महाशाखा, वडा कार्यलयका सम्पूर्ण

कर्मचारीहरू,  स्वास्थ्यकर्मीहरू, सहयोगी तथा सामुदायिक महिला स्वास्थ्य स्वंयम सेविकाहरू सवैलाई नि:शुल्क जाँच गरिने छ।

ग) गरिव, विपन्न तथा असहाय नगरबासिहरूलाई वडा तथा चिकित्सकबाट सिफारीस गरिएको आधारमा नि:शुल्क जाँच गरिने छ।

घ) चिकित्सकहरूको सिफारीसमा सर्वसाधारण नगरबासिहरूलाई समेत सेवा दिने अभिप्रायले सेवा शुल्क बापत रु. ४००।– (चार सय) रकम लिई USG जाँच गरिने छ।

ङ) सेवा शु:क बापत प्राप्त रकम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको खातामा जम्मा गरी आवश्यककुताअनुसार प्राप्त रकम औजार उपकरण मर्मत तथा सम्भारमा प्रयोग गरिने छ।

**९. बाधा अडकाउ फुकाउको अधिकार :**

यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ हटाउन नगर कार्यपालिकाको निर्णयले गर्नेछ।

प्रमाणिकरण मिति :- २०८०।१२।१०

आज्ञाले,
तुल्सीराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत